परीक्षा सङ्केताङ्क ......... मिति : २०८२/१०/२० विषय कोड नं.: १०५१

# प्याब्सन एस.ई.ई. तयारी परीक्षा-२०८२

समय: ३ घण्टा विषय: सामाजिक अध्ययन पूर्णाङ्क: ७५

*प्रश्नहरु राम्रोसँग बुझेर मौलिक र सिर्जनात्मक उत्तर दिनुहोस् ।*

## समूह- "क"

**अति छोटो उत्तर दिनुहोस्: (११×१=११)**

१ पहिचान भनेको के हो ?

२. सङ्घीय शासन प्रणालीलाई किन प्रभावकारी शासन प्रणाली मानिन्छ ?

३. समाजमा घरेलु हिंसाका घटना हुनुको कुनै एउटा कारण लेख्नुहोस् ।

४. प्रभावकारी नारासहित् छाउपडी प्रथाविरुद्ध चेतना विस्तार गर्ने ब्यानरको नमुना (चित्र) बनाउनुहोस् ।

५. वि.सं २०८२ भाद्र २३ मा भएको जेन्जी आन्दोलनको मुख्य माग के थियो ?

६. वि.सं २०६२-६३ को जनआन्दोलनले ल्याएको कुनै एउटा उपलब्धि लेख्नुहोस् ।

७. पर्यापर्यटन भनेको के हो ?

८. ऊर्जाबाट आर्थिक फाइदा लिन के गर्न सकिन्छ ? कुनै एक सुझाव दिनुहोस् ।

९. 'असंलग्न परराष्ट्र नीति विश्वमा शान्ति कायम गर्ने सबैभन्दा उत्तम नीति हो । किन ? एउटा कारण दिनुहोस् ।

१०. विश्वव्यापीकरणको एउटा नकारात्मक पक्ष लेख्नुहोस् ।

११. तपाईँ आफ्नो समुदायमा स्वास्थ्य चेतना फैलाउन के गर्न सक्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

## समूह- "ख"

**छोटो उत्तर दिनुहोस्: (९×४=३६)**

१२. नेपाली समाज जातीय, धार्मिक र सांस्कृतिक रुपले विविधतापूर्ण छ । यी विविधताहरुको सम्मान र संरक्षण गर्न के पर्ला ? कुनै चारओटा सुझाव दिनुहोस् ।

१३. दिगो विकासका कुनै चार आयामको छोटकरीमा वर्णन गर्नुहोस् ।

१४. तपाईँलाई विद्यालयमा बाल दिवस मनाउने कार्यक्रमका लागि संयोजकको जिम्मेवारी दिएमा उक्त दिवस मनाउन के कस्ता कार्यक्रम समावेश गर्नुहुन्थ्यो ? कुनै चारओटा कार्यक्रम उल्लेख गर्नुहोस् ।

१५. मानिसमा विश्वबन्धुत्वको भावना विकसित गर्न किन आवश्यक छ ? चारबुँदामा उल्लेख गर्नुहोस् ।

**अथवा**

हाम्रा परम्परागत लोक गीत र लोक बाजा हराउँदै जान थालेका छन् । यिनीहरुको संरक्षण गर्न के गर्नु पर्ला ? चारओटा प्रभावकारी उपाय लेख्नुहोस् ।

१६. भ्रष्टाचार गरेको सम्पत्तिले समाजमा रवाफ देखाउने व्यक्तिलाई तपाईँ के भन्न चाहनुहुन्छ ? चार बुँदामा उल्लेख गर्नुहोस् ।

१७. संघीय संसदको सदस्य हुन आवश्यक पर्ने योग्यतामध्ये कुनै चारओटाको सूची बनाउनुहोस् ।

१८. शीत प्रदेशको हावापानीका चारओटा विशेषता लेख्नुहोस् ।

१९. आफ्नो समुदाय वा देशमा हालसालै घटेको कुनै एउटा महत्त्वपूर्ण घटना समेटी साथीलाई चिठी लेख्नुहोस् ।

२०. हिमाली प्रदेशमा जनसङ्ख्या न्यून हुनु र तराई प्रदेशमा उच्च हुनुका दुई दुई ओटा कारण लेख्नुहोस् ।

## समूह ग

### लामो उत्तर दिनुहोस्: (४×७= २८)

२१. जवसम्म राजनीतिक दलहरु जिम्मेवार र मतदाता सचेत हुँदैनन् तवसम्म निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सकिँदैन । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

२२. नेपालको नक्सा बनाई उपयुक्त सङ्केतका सहायताले निम्न तथ्यहरु देखाउनुहोस्ः
अरुण नदी, अपी हिमाल, पशुपतिनाथ मन्दिर, मध्यपहाडी लोकमार्ग

**अथवा**

दक्षिण अमेरिका महादेशको नक्सा बनाई उपयुक्त सङ्केतका सहायताले निम्न तथ्यहरु देखाउनुहोस् :
रियो डि जेनेरियो, पम्पास घाँसे मैदान, अमेजन नदी, केपहर्न

२३. नेपालको इतिहासमा वि.स.२०४६ साल किन महत्त्वपूर्ण मानिन्छ ? यसपछि वि.सं २०६३ सम्मको अवधिमा घटेका कुनै तीनओटा प्रमुख राजनीतिक घटनाहरु लेखी संक्षेपमा वर्णन गर्नुहोस् ।

२४. विमा गरेर के फाइदा हुन्छ भन्ने कुरा उल्लेख गर्दै एकजना आफन्तलाई चिठी लेख्नुहोस् ।

**समाप्त**